नेपाल सरकार

भूमि व्यवस्था, सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय

परासी, नवलपरासी (ब.सु.प.) (बर्दघाट, सुस्ता पश्चिम)

च.नं:- २२९६

पत्र.संख्या ०८३/८४

मितिः २०८३।७।१८

बिषयः सूचना टाँस गरी जानकारी/ मुचुल्का पठाईदिने सम्बन्धमा ।

श्री नवलपरासी जिल्ला अदालत, परासी (ब.सु.प.) ।

श्री जिल्ला समन्वय समितिको कार्यालय नवलपरासी, (ब.सु.प.) परासी ।

श्री जिल्ला प्रशासन कार्यालय नवलपरासी, (ब.सु.प.) परासी ।

श्री नापी कार्यालय नवलपरासी, (ब.सु.प.) परासी ।

श्री बर्दघाट नगरपालिका , नगर कार्यापालिकाको कार्यालय, बर्दघाट नवलपरासी, (ब.सु.प.) ।

श्री बर्दघाट नगरपालिका ५ नं वडा कार्यालय नवलपरासी, (ब.सु.प.) ।

प्रस्तुत बिषयमा जिल्ला नवलपरासी साबिक माकर गा. बि. स. वर्डा नं. ५ हाल बर्दघाट नगरपालिका वडा नं. ५ मा बस्ने वेल कुमारी क्षेत्रीको नामको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाइएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना टाँसको मुचुल्का /जानकारी यस कार्यालयमा पठाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

प्रमुख भूमि प्रशासन अधिकृत

बर्दघाट नगर कार्यपालिकाको कार्यालय
बर्दघाट-८, नवलपरासी (ब.सु.प.)
दर्ता नं.: २२००
मिति : २०८३।६।२६

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय

परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

च.नं:-
पत्र.संख्या ०८३/८४

मितिः २०८३।७।१८

श्री भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैतिस) दिने

सार्वजनिक सूचना

जिल्ला नवलपरासी साबिक माकर गा. बि. स. वडा नं. ५ हाल बर्दघाट नगरपालिका वडा नं. ५ बस्ने भुवानी प्रसाद आपकोटाको बुहारी शेर बहादुर क्षेत्रीको श्रीमती वेल कुमारी क्षेत्रीले हाल मेरो नाउँमा दर्ता श्रेस्ता कायम साबिक मार्कर गा.बि.स. वडा नं. ९ (ङ) कि. नं. ४८३ ज.बि. ०-८-५ जग्गा म निबेदकले जोतभोगको आधारमा तत्कालिन सरकारको कार्यादेश बमोजिम सुकुम्वासी समस्या समाधान आयोग नवलपरासीको मिति २०५५/३/२९ को निर्णय अनुसार मेरो नाममा दर्ता श्रेस्ता कायम भई मैले तिरो तिरी जोतभोग गरेको जग्गा यसरी मेरो हक कायम हुन आएको जग्गा बैकमा रोक्का राखी ऋण कर्जा लिन भनी भुमि प्रशासन कार्यालय नवलपरासीमा जाँदा उक्त मेरो हक कायम भएको जग्गा साबिक भुमिसुधार कार्यालयको च. नं. ३६२ मिति २०५९/८/१० गतेको पत्रबाट रोक्का रहेको जानकारी भएकोले मेरो एकलौटी हकभोग भएको, निरून्तर जोतभोग भएको, जग्गा मेरो जानकारी, बिनाकारण, रोक्का राखेको र उक्त रोक्काको अभिलेख, रोक्का रहेको (कारण) समेत नखुलेको हुदाँ उक्त रोक्का फुकुवा गराइपाउँ भनी यस भुमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) परासीमा पेश गरेको माग निबेदन सम्बन्धमा उक्त माग भई आएको निबेदकको नाममा दर्ता श्रेस्ता कायम भएको, साबिक भुमिसुधार कार्यालयको च. नं. ३६२ मिति २०५९/८/१० गतेको पत्रबाट रोक्का रहेको जग्गा फुकुवा हुदाँ अरू कसैको हकलाग्ने भएमा वा दोहोरो दर्ता श्रेस्ता कायम रहेको भएमा, सरकारी सार्बजनिक हक लाग्ने जग्गा भएमा, बाटो निकाश पर्ने भएमा, अरू कुनै कारणले रोक्का रहनु पर्ने भएमा, यो सूचना प्रकाशित गरेको मितिले ३५ (पैतिस) दिनभित्र यस भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) परासीमा हकदावीका लागी सम्पर्क गर्न आउन यो हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना सम्बनधित सबैका लागी जारी गरिएको छ, अन्यथा नियामानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

Mail:parasi@dolma.gov.np

Phone Number: 078-520177